सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ अंक १११ २०८० साल, पौष १८ गते बुधबार Wednesday 3 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ :४

## लागु औषध सहित कलैयामा ३ जना पक्राउ





***शुभम सन्देश,***
***कलैया १७ पौष***

बाराको कलैयामा लागु औषध सहित ३ जना पक्राउ परेका छन् ।

विदेशबाट लागु औषध डिलेभरी हुँदैछ भन्ने सूचनाको अधारमा जिल्ला प्रहरी कार्यालय बारा र लागु औषध व्युरो वीरगंज शाखाबाट खटिएको संयुक्त प्रहरी टोलीले सोमवार कलैया उप-महानगरपालिका वडा नं.१ मोतिबाग स्थित जिल्ला हुलाक कार्यालय नजिक विदेशबाट आएको ३ ओटा कार्टुनमा रहेको एक किलो १ सय ४६ ग्राम लागुऔषध गांजा सहित जिल्ला पर्सा वीरगंज महानगर पालिका वडा नं.१ टोल सिसवा वारी बस्ने वर्ष २२ को नैमोदिन मियाँ,सोही वाडा बस्ने छपकैया निवासी वर्ष २७ को जितेन्द्र साह सोनार र वर्ष २२ कृष्णा सराफ पक्राउ परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। पक्राउ गरिएको आगुऔषध गांजा र ब्यक्तिहरुलाई प्रहरी नियन्त्रणमा राखि जिल्ला अदालत बाराबाट लागु औषध मुद्धामा ५ दिनको म्याद थप गराइ आवशयक थप अनुशनधान भइर हेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्योपानेले जानकारी गराए ।

## बाराको मुसहर्ना प्रहरी चौकिको मिलोमतोमा खुल्मखुला तस्करी



***शुभम सन्देश,***
***कलैया १७ पौष***

विश्रामपुर सम्वाददाता

बाराको विश्रामपुर गाउँपालिकाको मुसहर्ना नाका बाट ब्यापक तस्करी फस्टाएको छ। उक्त नाकाबाट नेपाल तर्फ टेक्टरमा नै धान र चामलको तस्करी गराउने कार्य सुरु भएको छ। बारा प्रहरीलाई मोटो रमक दिइ तथा राजनितिक संरक्षणमा महिनौ देखि सो नाकाबाट टेक्टरमा नै धान र चामलको तस्करी सँगै बोराका बोरा काजु र किसमिसको समेत तस्करी फस्टाएको स्थानियहरुले जानकारी गराएको छ ।

नेपाल प्रहरी र सशत्र प्रहरी र केही स्थानिय नेता तथा जनप्रतिनिधि समेतलाई दैनिक र मासिक रुपौया बुझाई तस्करहरुले आफनो टीममा

**बाँकी तेस्रो पृष्ठमा........**

**जाडोको समयमा चिसो बाट बचौ ।**

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

**माहागढिमाई नगरपालिकाको कार्यालय ,बरियारपुर ,बारा**

## बारामा विधुत ट्रान्सफरमर चोरी गर्ने चोर पक्राउ

***शुभम सन्देश,***
***कलैया १७ पौष***





बारा जिल्लाको बिभिन्न ग्रामिण भेगबाट बिधुत ट्रासफरमर चोरी गर्ने गिरोहका एक जना चोरलाई बारा प्रहरीले पक्राउ गरेको छ । नेपाल विधुत प्राधिकरणले जडान गरेको ट्रान्सफरमर बितेको पुष १३ गते राती बाराको सिम्रौनगढ नगर पालिका वडा नं.३ श्रीनगर बैरियार गाउँ बाट र २३ गते पचरौता नगरपालिका वडा नं. ५ बेल्दारी गाउँ बाट चोरी भएको सूचना पाए पश्चात प्रहरीको टोलीले ट्रान्सफरमर र चोरलाई खोजलतास गर्दै जाने क्रममा पचरौता नगरपालिका वडा नं.५ तियर खोलामा लुकाई छिपाई राखेको अवस्थामा समान र सहित एक जना युवालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

पक्राउ पर्नेमा भारत मोतिहारी जिल्ला, विन्धवा सोनीमा ग्राम बस्ने प्रभु यादवको छोरा बर्ष २२ को जैसिलाल यादव रहेको प्रहरीले जनाएको छ । पक्राउ परेको ब्यक्तिले लुकाएर राखेको एचटी क्वायल २ थान र एलटी क्वायल ६ थान प्रहरीले बरामद गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका यादवलाइ जिल्ला अदालत बाराबाट चोरी मुद्धामा ५ दिनको म्याद थप गराई अनुशन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी दधिराम न्यौपानेले जनाएको छ ।

## पथलैयामा पटके सेन्टर संचालनमा,



***शुभम सन्देश,***
***कलैया १७ पौष***

बारा जिल्लाको पथलैयामा अस्थायी रुट इजाजत शाखा (पटके सेन्टर) संचालनमा आएको छ। पटके सवारी को अनुमति लिन वीरगञ्ज र हेटौडा जानुपर्ने अवस्थालाई अन्त्य गर्दै बारा जिल्ला स्थित यातायात व्यवस्था कार्यालयले पुस १६ गतेदेखि पथलैयामा अस्थायी रुट इजाजत शाखा (पटके सेन्टर) संचालनमा ल्याएको छ ।

संचालनमा आएको पटके सेन्टर लाई उद्घाटन गर्दै मधेश प्रदेश सर कारको श्रम रोजगार तथा यातयात मन्त्री चन्दन सिंहले यस पटके सेन्टर संचालनमा आएकोले सवारी पटके इजाजत लिन बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको बताएका छन् ।

उनले मधेश प्रदेशको यातायात क्षेत्रमा रहेकाहरुको लागि सुखद पक्ष रहेको भन्दै यस पटके सेन्टर संचालनबाट पथलैयाबासीहरुको व्यापार क्षेत्रमा पनि मद्दत पुग्ने बताए । कलैय उपमहानगरपालिका वडा नं. ३ गंगापूरस्थित मंसिर २५ गते उद्घाटन भई पुस ११ गतेदेखि सेवा संचालन गर्दै आएको यातायात व्यवस्था कार्यालय कलैयाले सवारीहरुको पटके इजाजत लिन वीरगंज हेटौडा जानुपर्ने बाध्यतालाई अन्त्य गर्दै पटके सेवा सहज पुर्‍याउने उद्देश्यले पुस १६ गतेदेखि हेटौडा - वीरगंज एवं पूर्व पश्चिम राजमार्गको बीचमा पर्ने पथलैयामा पटके सेन्टर संचालनमा ल्याएको छ ।

यस कार्यालयबाट पटके सम्बन्धी सम्पूर्ण सेवाहरु प्रदान गरिने र यो शाखा हरेक सप्ताह र हरेक महिना र २४ औं घण्टा सेवा प्रदान गरिने यातायात ब्यवस्था कार्यालय बाराका प्रमुख नवाज हुसेनले जानकारी गराए ।

उनले यातायात सम्बन्धी सेवालाई सरल एवं सुविधाजनक तरिकाले सेवा प्रवाह गर्ने हाम्रो मुख्य प्रयास स्वरुप पथलैयामा यो पटके सेन्टरको स्थापना गरिएको बताए । पटके सम्बन्धी सेवाहरु पुस १६ गतेदेखि नै यस सेन्टरबाट लिन सकिने उनको भनाई छ । उनका अनुसार यस सेन्टर कुनैपनि सार्वजनिक विदाको दिन बन्द नभई २४ औं घण्टा अर्थात वर्षको ३६५ दिन नै सेवा प्रदान गरिने कार्यालय प्रमुख हुसेनको भनाई छ। कार्यक्रममा बोल्दै जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले पथलैयामा अस्थायी रुट इजाजत शाख (पटके सेन्टर) संचालन हुन सुखद पक्ष र हेको बताए । उनले यहाँ पटके सेवा मात्र नभई लाईसेन्स नवीकरण र ब्लुबूक नवीकरण जस्ता थप सेवा यहाँबाट नै प्रदान गर्ने ब्यवस्था मिलाई दिन मधेश प्रदेश सरकार का श्रम रोजगार तथा यातायातमन्त्री एवं कार्यक्रमका प्रमुख अतिथि सिंहसँग आग्रह समेत गरे । आम जनता पाट्टीले अर्ध सैनिक बल निर्माण गरी प्रशिक्षण गराउदै

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरु................
-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।
बिश्रामपुर गाउँपालिकाको कार्यालय बारा

# राष्ट्र कमजोर बनाउनेको अन्तिम आक्रमण भाषा, संस्कृतिमाथि

केही समय अगाडि कक्षा ११ को नेपाली पुस्तकमा नेपाली वर्णमालाबाट बोलीचाली र प्रचलनमा नभएका दीर्घ 'ऊ' र दीर्घ 'ई' हटाइएको भनेर फोटो सहित एक लेख देखें। लेखको शीर्षक देख्दै विरक्तिएको यो मन भने लेखकको विद्वत्ता देखेर त्यसै पुलकित भयो।फेरि सोचें, हाम्रो देशमा भानुभक्तका काव्य र लक्ष्मीप्रसाद देवकोटाका कविताको रसले रसाउने आँखाहरू त पक्कै छन्। कम्तीमा ती आँखाहरूले त देख्छन् होला भाषा माथिको प्रहार। अनि नेपाली भाषालाई प्रेम गर्ने भाषाप्रेमीहरू पनि त जिउँदै छन्। अहिले भाषाप्रेमीहरू जिउँदै मात्रै छैनन् स्वतस्फूर्त रूपमा जाग्दै पनि छन्।

यो जागरणले कोही-कोही विखण्डनकारीहरूको निदहरण भने पक्कै गरेको छ किनकि विविधताले भरिएको देशलाई जोड्ने बलियो जर्ती भाषा पनि एक हो। जसरी सुनका गहना जतिसुकै सुन्दर भए पनि यसलाई जोड्ने जर्ती निकालेपछि गहना फगत एक धातु मात्र हुन्छ त्यसरी नै भाषा र संस्कृति निकालेपछि राष्ट्र केवल माटो मात्र रहन्छ।राष्ट्र कमजोर बनाउने मन्तर को जन्तर बाँधेर हिंडेका विदेशी झाँक्रीहरू र त्यही मन्त्र फलाक्दै हिंड्ने केही स्वदेशी धामीहरूले सबै सिद्ध्याइसकेपछि अन्तिममा झटारो त्यस देशको भाषा र संस्कृतिमाथि प्रहार हुन्छ। यसको ज्वलन्त उदारहण हो- फिलिपिन्स।स्पेनिसहरूले कब्जा गर्नुभन्दा पहिले फिलिपिन्समा मलाया प्रमुख भाषा थियो। स्पेनिस अतिक्रमणसँगै मलाया भाषा विस्तारै लोप हुँदैगयो ।

स्वतन्त्र हुने बेलासम्म उसले आफ्नो भाषा र संस्कृति सबै गुमाइसकेको थियो।सन् १९३७ मा एक भाषा आयोग गठन गरेर नयाँ भाषा बनाइयो । फिलिपिनो नामकरण गरिएको उक्त भाषा स्थानीय तगालग भाषामा आधरित छ। यद्यपि यो सबै स्थानीय भाषाबाट शब्द निकालेर बनाएको टालाटुली बटुली भाषा हो।नयाँ भाषा बोल्न धेरैलाई अप्ठ्यारो भएपछि अंग्रेजीलाई पनि त्यहाँ राष्ट्रिय भाषा बनाइयो। अहिले त्यहाँ अंग्रेजी भाषा र पश्चिमी संस्कृति नै बढी प्रचलनमा छ। यो कुरा फिलिपिन्समा जन्मेहुर्केर अहिले मसँगै काम गर्ने एक वैज्ञानिक वार्नर ले बताएका हुन्। कहिलेकाहीं हामी सँगै खान जाँदा एकअर्काको देशको संस्कृतिको बारेमा कुरा गर्छौं।यसको ठिक उल्टो भाषाले कसरी राष्ट्रलाई बलियो बनाउँछ र सबैलाई एकजुट हुन् प्रेरणा दिन्छ भन्ने उदाहरण हो, इजरायल।

संसारभरबाट लखेटिएका यहुदीहरू जब इजरायल देश बनाएर बस्न थाले उनीहरूमा सबैले बुझ्ने राष्ट्र भाषाको अभाव भयो। उनीहरूको पुर्खाले बोल्ने गरेको हिब्रु भाषा हाम्रो संस्कृत भाषा भन्दा पनि पहिले करिब २००० वर्ष अघि लोप भइसकेको थियो।इजरायलमा बस्न आएका यहुदीहरू कसैले अरबी, कसैले जर्मनी र कसैले फ्रेन्च जस्तै धेरै भाषा बोल्दथे। हाम्रो संस्कृत जस्तो रबाई (धर्मगुरु) हरूले पूजा पाठमा मात्र सीमित भएको हिब्रुलाई १८औं शताब्दीमा एलिजर बेन यसुदा भन्ने व्यक्तिले हिब्रु शब्दकोश बनाएर सबैलाई हिब्रुमा पढ्न र बोल्न अनुरोध गरे। सुरु-सुरुमा गाह्रो भए पनि पछि यसले एक आन्दोलनकै रूप लियो।निरन्तर प्रयासको फलस्वरूप अस्ति भर्खर सन् २०१८ मा इजरायल सरकारले हिब्रुलाई राष्ट्र भाषा घोषणा गऱ्यो। इतिहासमा २००० वर्ष पहिले लुप्त भइसकेको भाषा फेरि ब्युँतेको उदाहरण यो नै पहिलो हो।

अहिले त्यहाँको जनसंख्याको ७० प्रतिशतभन्दा धेरैले हिब्रु बोल्छन् जबकि २०० वर्ष पहिला १० प्रतिशतले पनि बोल्दैनथे।हाम्रा गाउँमा राति सुन्तला चोर आउँथे । बुढाबुढी सुतेको मौका परे झटारोले झारि हाल्ने तर कथंकदाचित बुढाबुढी उठिहाले भने चर्को चर्को कराउँदै हिंड्ने अनि भन्ने कि बाघ आउँछ कि भनेर कराउँदै हिंडेको भनेर।मलाई लाग्छ, हाम्रो भाषालाई पनि यस्तै चोरहरूले वेला-वेलामा लुकेर झटारो हानिराखेका छन्। कसैले विरोध गऱ्यो भने खण्डन गर्ने, नत्र भाषालाई सुटुक्क बिगारेर कुरूप पार्ने। यो अन्ततः हाम्रो राष्ट्रियता र संस्कृति कमजोर पार्ने प्रयत्न हो।नेपाली वर्णमाला बाट दीर्घ 'ऊ ' र दीर्घ 'ई' हटाएको भन्ने समाचार देखेपछि मलाई पनि यसका बारेमा केही भन्न मन लाग्यो।

अस्ति भर्खर नेपाली शब्दकोशबाट ॐ शब्द हटाएको भन्ने सुनिएको थियो। पछि यसको खण्डन पनि भयो क्यारे!कारण चलनचल्तीमा बोलिंदैन भनेर । यदि यो साँच्चै हो भने यो जसले यस्तो निर्यण गरेको हो, उहाँहरूलाई मेरो गुनासोको नासो यस्तो छ। हुन त म त झन् भाषा विज्ञ पनि होइन, म विज्ञानको विद्यार्थी, स्वर र व्यञ्जन उपयुक्त तरिकाले उच्चारण नगर्दा त्यसको मनोवैज्ञानिक कस्तो असर पर्छ त्यसका बारेमा बरु भन्न सक्छु।स्वर हरूको उचित प्रयोगले हाम्रो श्वास-प्रश्वासको गतिलाई समेत असर पर्छ। श्वास-प्रश्वासको रेगुलेसनले हाम्रो शरीरको मेटाबोलिजम र फिजियोलोजीमा कस्तो असर पर्छ भन्ने त टिचिङ अस्पतालको फिजियोलोजीको डाक्टरलाई गएर सोधे पनि बताइदिन्छन् । अहिले केही बोलिनँ। यसको बारेमा कुनै दिन चर्चा गरौंला।विज्ञानको विद्यार्थी भए पनि म एक नेपाली भाषाप्रेमी पनि भएकोले म जस्तो ठेट्नालाई समेत थोरै थोरै यसको जानकारी छ।

भाषा हाम्रै मुखबाट निस्कने विभिन्न स्वरहरूको संज्ञा हो जसलाई संसारभरि नै विभिन्न लिपिमा लेखिएका छन्।जसरी एक सामान्य मान्छेको भन्दा गीत गाउने कलाकारमा धेरै स्वर निकाल्न सक्ने क्षमता हुन्छ र जुन कलाकार ले जति धेरै स्वर (फ्रिक्वेन्सी) निकालेर गाउन सक्यो, उसका गीत त्यति नै कर्णप्रिय हुन्छन् र ऊ स्वरको धनी कहलाउँछ।भाषामा पनि जति धेरै स्वरहरू प्रयोग हुन्छ त्यो भाषा त्यति नै कर्णप्रिय हुन्छ। यस्तो भाषा, भाषाहरूको पनि कलाकार हुन्छ र त्यो भाषा त्यति नै धनी हुन्छ । नेपाली भाषा पनि संसारकै धनीमध्ये एक हो ।

यसमा धेरै स्वरहरू (१३) छन् भने अंग्रेजीमा जम्मा ५ छन्।दीर्घ स्वर सम्बन्धी केही कुरा भन्न मन थियो तर ती 'विज्ञहरूसित' मेरो परिचय छैन तपाईं जस्ता नेपाली भाषाप्रेमीहरूको माध्यमबाट यो सन्देश उहाँहरूसमक्ष पुग्थ्यो कि ?हामीलाई विद्यालयमा भाषा शुद्ध लेख्नुपर्छ मात्र सिकाइयो, शुद्ध बोल्नुपर्छ भनेर सिकाइएन। मैले अझै सम्झन्छु कक्षा ९ को नेपाली व्याकरण पढदा, 'सर्वनाम, विशेषण, जाति, पेशा, थर- पदान्तमा दीर्घ हुन्छन् दीर्घै लेख्ने गर' भनेर घोकिन्थ्यो। यसरी दीर्घ लेख्ने गर मात्र सिकाइ यो दीर्घ बोल्ने गर भनेर कहिल्यै भनिएन। नेपाली भाषालाई बचाउने हो भने शुद्ध लेख्न मात्रै होइन, शुद्ध बोल्न पनि सिकाउनुपर्छ।

१. डलर अनुदान आएकाले उनीहरूकै खटन-पटन मान्ने हो भने पनि उनीहरूको भाषामा (अंग्रेजी) मा स्वर कम भए पनि वाक्य बोल्दा राइजिङ र फलिङ टोन राखेका हुन्छन् जुन हाम्रो भाषामा हुँदैन। यसले हाम्रो भाषाको ह्रस्व र दीर्घ जस्तै काम गर्छ। ह्रस्व भनेको १ मात्रा हो भने र दीर्घ भनेको २ मात्रा हो। राइजिङ र फलिङ टोन नमिलाई जति राम्रो अंग्रेजी बोले पनि त्यो सुन्दा राम्रो सुनिंदैन मात्र होइन, बुझ्न पनि गाह्रो पर्छ।

२. चलनचल्तीमा 'ऊ' हुँदैन भन्ने विज्ञहरूका आमाले उनीहरूलाई 'बाबू' भनेर बोलाएको रै'नछ कि क्या हो! खेतमा काम गर्न जाँदा कोक्रामा हालेर गएको आफ्नो बच्चालाई बेलुका आमाले आएर काखमा लिंदा (अत्यास लागेर) 'मेरो बाबू' भनेर बोलाउँदा 'बाबू' को अन्तमा आउने जुन 'ऊ' छ यो दीर्घ 'ऊ' हो ।यो दीर्घ (२ मात्रा ) हो अर्थात् आमाले अलि लामो गरेर 'बू' भन्छिन्। छोराछोरीलाई बाबू भनेर बोलाउने चलन नेपालभरि छ। विज्ञ महोदयहरूले कुन देशको चलन-चल्तीको कुरा गर्नुभएको हो मैले बुझिनँ। यो त एक उदाहरण मात्र हो, यस्ता शब्द त कति छन्, छन् ।

२ दीर्घ मात्र होइन हाम्रो भाषामा प्लुत (३ मात्रा) स्वर समेत छ। प्लुत भनेको दीर्घ भन्दा पनि लामो ३ वा ४ मात्रा स्वर हो। दीर्घ ऊ नदेख्ने ले प्लुत ऊ त झन् के देखेको होला। तपाईंहरूको गाउँ-ठाउँतिर छैन भने हाम्रो गाउँ ( स्याङ्जा- आँधीखोला-६ टिकाजा) मा आउनु, हामी सुनाइदिऊँला। कि स्याङ्जा पनि नेपालभित्र पर्न छोड्यो ? आफ्ना छोराछोरी समयमा भात खान आएनन् भने हाम्रा गाउँतिर अझै पनि यसरी बोलाउनुहुन्छ।

जस्तै- 'ए ! बाबू (४ वा ५ मात्रा)) भात खान आइजा' भनेर बोलाउँदा, बाबूको 'बू' लाई धेरै लामो गरेर बोलाउने चलन छ । यो वाक्यमा बू को 'ऊ' प्लुत स्वर हो। मलाई थाहा छ नेपाली भाषा विज्ञ अझै धेरै जिउँदै हुनुहुन्छ। भाषा जस्तो विषयको निर्णय लिंदा कमसेकम नेपालभरिका भाषा विज्ञ र प्राध्यापकहरूसँग राय-सुझाव लिएर निर्णय गर्नुपर्छ।

३. म फेरि भाषा शुद्ध लेख्नुपर्छ भनेर कसैले बुझ्दै नबुझ्ने क्लिष्ट नियमहरूको प्रयोग र अङ्ग्रेजी शब्द मिसाउनै हुँदैन भन्न खोजेको पनि होइन। भाषालाई समय अनुसार नबदल्ने हो भने लुप्त पनि हुनसक्छ वा अर्को भाषाले स्थान ओगट्न सक्छ। स्वर परिवर्तन भन्दा शब्दहरू थपेर नेपाली भाषालाई सजिलो बनाउन सकिन्छ।

अमेरिकाको प्रख्यात कफी पसल स्ट्यार बक्समा गएर 'चाय' भनेर माग्ने हो भने सबैले बुझ्छन् उनीहरूको मेन्युमै यही शब्द छ। यो शब्द एङ्लो भाषाका शब्दकोशहरूमा भर्खरै समावेश गरिएको हिन्दी शब्द छ। अरुको भाषाका शब्दहरूलाई भित्र्याएर नै अंग्रेजी संसारको भाषा भन्न सफल भयो।

४. हामीलाई विद्यालयमा भाषा शुद्ध लेख्नुपर्छ मात्र सिकाइयो, शुद्ध बोल्नुपर्छ भनेर सिकाइएन। मैले अझै सम्झन्छु कक्षा ९ को नेपाली व्याकरण पढदा, 'सर्वनाम, विशेषण, जाति, पेशा, थर- पदान्तमा दीर्घ हुन्छन् दीर्घै लेख्ने गर' भनेर घोकिन्थ्यो। यसरी दीर्घ लेख्ने गर मात्र सिकाइ यो दीर्घ बोल्ने गर भनेर कहिल्यै भनिएन। नेपाली भाषालाई बचाउने हो भने शुद्ध लेख्न मात्रै होइन, शुद्ध बोल्न पनि सिकाउनुपर्छ।

अन्त्यमा मैले पहिले भने झैं भाषाको ज्ञाता होइन केही कमि-कमजोरी रहेछन् भने यसको भावअनुसार बुझ्नुहोला। नीतिशास्त्रमा भनिएको छ– बाटो हिंड्ने मान्छे लड्न सक्छ । दुर्जनहरू लडेको देखेर हाँस्छन् भने सज्जन उठाउन जान्छन् ।

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
➢ दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
➢ दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
➢ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
➢ सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।
बारागढि गाउँपालिकाको कार्यालय बारा द्धारा जनहितमा जारी सन्देश

# अन्तर्राष्ट्रिय खबर

## जापानमा भूकम्पबाट मर्नेको संख्या ४८ पुग्यो

१७ पुस, टोकियो। जापानको इशिखावा प्रिफेक्चरमा सोमबार साँझ गएको ७.६ म्याग्निच्युटको भूकम्पमा परी मृत्यु हुनेको संख्या ४८ पुगेको छ ।सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार इशिखावा प्रिफेक्चरको सुजु शहरमा २० जना, वाजिमा शहरमा १९ जना, नानाओ शहरमा ५ जना, अनामिजु शहरमा २ जना, हाकुई शहर र शिगा शहरमा 1D १ जना गरी ४८ जनाको मृत्यु भएको अधिकारीहरुले जनाएका भएको छैन ।यसैबीच, भूकम्प प्रभावित क्षेत्रहरुमा रहेका नेपालीहरुका बारेमा सूचना संकलन भइरहेको एनआरएनए जापानले जनाएको छ।'हामी त्यस क्षेत्रमा रहेका नेपालीहरुको पछिल्लो अवस्था बुझ्ने प्रयास गरि रहेका छौं' गैर आवासीय नेपाली संघ जापानका अध्यक्ष नविन निउरेले भने 'अहिले सम्मको सूचना अनुसार सबै नेपाली सुरक्षित रहेको भन्ने छ ।' यसैबीच नेपाली दुतावास टोकियोले एक विज्ञप्ति



छन् ।भूकम्पका कारण हिजोदेखि बन्द भएका द्रुत गतिका रेल सेवा भने आजबाट सञ्चालनमा आएका छन्। इशिखावा प्रिफेक्चरमा आज विहान पनि ५.६ म्याङ्नेच्युटको अर्को भूकम्प गएको थियो । भुकम्प, आगलागी र सुनामीका कारण घाइते भएकाहरुको उद्धार र उपचार भइरहेकाले घाइतेको संख्या एकिन जारी गर्दै इशिखावा प्रिफेक्चरमा भूकम्पले ठूलो क्षती पुर्याएको भन्दै सर्तक रहन त्यस क्षेत्रमा रहेका नेपालीलाई आग्रह गरेको छ ।आज जारी गरिएको विज्ञप्तिमा दूतावासले जापान सरकारले जारी गरेका सूचनालाई पालना गर्दै आफ्ना गतिविधि गर्न नेपाली नागरिकलाई आग्रह गरेको छ ।

## जापानमा दुई विमान ठोक्किँदा भीषण आगलागी, ५ जनाको मृत्यु

१७ पुस, काठमाडौं । जापानको हनेडा विमानस्थलको रनवेमा दुई विमान ठोक्किदा ५ जनाको मृत्यु भएको छ ।जापान एयरलाइन्सको विमान अवतरण गर्ने क्रममा तटरक्षक विमानसँग ठोक्किएर आगलागी भएको थियो । भीषण आगलागी भएको विमान रनवेमा गुडेको भिडियो फुटेजहरुमा देखिन्छ ।

यद्यपि विमानमा रहेका सबै ३७९ यात्रु र चालक दलका सबै सदस्यलाई सुरक्षित रुपमा बाहिर निकालिएको छ ।तर तटरक्षक विमानमा रहेका ६ जनामध्ये ५ को मृत्यु भएको छ। चालक घाइते छन् ।जापान एयरलाइन्सको फ्लाइट ५१६ सापोराको न्यू छिटोस एयरपोर्टबाट स्थानीय समयअनुसार १६:०० बजे उडेको थियो र हनेडा एयरपोर्टमा १७:४० मा अवतरण गर्ने तालिका थियो । तर जापानको सरकारी टीभी एनएचकेमा सार्वजनिक फुटेजमा विमानको झ्यालबाट धुवाँ आएको देखिन्छ ।विमान तटरक्षक विमानसँग कसरी र कुन बेला ठोक्कियो भने प्रष्ट छैन । सुरुमा जापान एयरलाइन्सले अवतरणका क्रममा ठोक्किएको बताएको थियो ।

तटरक्षक विमान सोमबार गएको भूकम्प प्रभावितहरुको उद्दार तथा राहतका लागि निगागा एयरपोर्ट जाँदै थियो । जापानको तटरक्षकले दुई विमान कसरी ठोक्कियो भनेर जाँच भइरहेको बताएको छ। उनले घटनापछि हनेडा विमानस्थलबाट हुने सबै उडार रद्द गरिएको बीबीसीले जनाएको छ ।

**जाडोको समयमा चिसो बाट बचौ ।**

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

करैयामाई गाउँपालिकाको कार्यालय ,करैया ,बारा

## काठमाडौं-पोखरा र काठमाडौं-सुनौली पर्यटक बससेवा सुरु

राष्ट्रिय समाचार समिति (रासस)

काठमाडौं, १७ पुस : अङ्ग्रेजी नयाँ वर्ष सन् २०२४ को सुरुआतसँगै काठमाडौं-पोखरा र काठमाडौं-सुनौली पर्यटक बससेवा सुरु भएको छ ।नेपालको आन्तरिक तथा बाह्य पर्यटकलाई प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न चार कम्पनीले सोफासहितको ६ नयाँ बस सञ्चालनमा ल्याई यात्रुलाई सेवा प्रदान गरेका हुन् ।

बाबा एडभेन्चर टुर्स एन्ड ट्राभल्स, रेम्बो एडभेन्चर टुर्स एन्ड ट्राभल्स, यती एडभेन्चर टुर्स एन्ड ट्राभल्स, ब्ल्यू लाइन ट्राभल एन्ड टुर्सले काठमाडौंदेखि पोखरा र काठमाडौंदेखि सुनौली जाने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी बस सञ्चालनमा ल्याएका हुन् ।यती एडभेन्चर टुर्स एन्ड ट्राभल्सका सञ्चालक कृष्ण आचार्यले अङ्ग्रेजी नयाँ वर्षलाई लक्षित गरी काठमाडौंदेखि पोखरा र सुनौली आठवटा पर्यटक बसले सेवा प्रदान गरेको बताउनुभयो । टुरिष्ट बस एसोसिएसन अफ नेपालका अध्यक्ष रहनुभएका आचार्यले नेपालको पर्यटक बसमा पछिल्लो समय ठूलो लगानी भए पनि बाटो बिग्रिएका कारण समस्या भएको उल्लेख गर्नुभयो ।रेम्बो एडभेन्चर टुर्स एन्ड ट्राभलको सञ्चालक शिशिर खनाल पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि सोफासहितको नयाँ बस सञ्चालनमा ल्याइएको बताउनु भयो ।

उहाँले आफ्नो कम्पनीले रु दुई करोड ५० लाखमा दुईवटा बस खरिद गरी पर्यटकलाई सेवा प्रदान गरेको उल्लेख गर्नुभयो। रेम्बो, ब्ल्यू र यतीले भित्र्याएका बसहरूले काठमाडौं-पोखरा पर्यटकलाई सेवा प्रदान गर्नेछन् ।यसअघि काठमाडौंदेखि पोखरा र काठमाडौंदेखि चितवन पर्यटक बसमार्फत आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी सेवा प्रदान गर्दै आइरहेको बाबा एडभेन्चरले सुनौलीका यात्रुलाई लक्षित गरी काठमाडौं सुनौली बससेवा सञ्चालन गरेको छ ।बाबा एडभेन्चरका सञ्चालक एवं टुरिष्ट बस एसासिएसनका पूर्वअध्यक्ष प्रल्हाद लोहनीले भारतीय पर्यटकलाई लक्षित गरी नयाँ वर्षदेखि बाबा एडभेन्चरले दुईवटा बस सञ्चालन गरेको जानकारी दिनुभयो।नेपालमा पर्यटक बसमा ठूलो लगानी भए पनि पर्यटक बसका लागि छुट्टै बसपार्क नहुँदा व्यवसायीलाई समस्या परेको छ ।

हाल काठमाडौं महानगरपालिका-१६ स्थित सोह्रखुट्टे सडकबाट पर्यटक बस देशका विभिन्न भागमा ओहोर दोहोर गर्दै आएका छन्।टुरिष्ट बस एसोसिएसन अफ नेपालका महासचिव मिलन नेपालले पर्यटक बसका लागि बसपार्क नहुँदा समस्या परेको बताउनुभयो। हाल काठमाडौं सोह्रखुट्टे सडक हुँदै दैनिक एक सयभन्दा बढी पर्यटक बस देशका विभिन्न भागमा ओहोरदोहोर गर्दै आएका छन् ।

## नेप्से परिसूचकमा ३० अङ्कको गिरावट

काठमाडौं, १७ पुस :

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ। मंगलबार नेप्से परिसूचक ३० दशमलव ०५ अङ्कले घटेर दुई हजार ३० दशमलव १० को बिन्दुमा कायम भएको हो ।

मंगलबार तीन सय पाँच कम्पनीको एक करोड ११ लाख ८५ हजार सात सय १२ कित्ता शेयर ८५ हजार चार सय ३५ पटक खरिद-बिक्री हुँदा रू चार अर्ब चार करोड ४६ लाख ५९ हजार नौ सय २२ बराबरको कारोबार भएको छ ।सबै समूहका उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव २१ र जीवन बीमा समूह दुई दशमलव ९९ प्रतिशतले घटेका छन्। चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ, भने हिमालयन हाइड्रोपावरको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।कारोबार रकमका आधार मा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १६ करोड ११ लाख सात हजार नौ सय ५६ बराबर को कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको चार लाख १७ हजार ८८ कित्ता शेयर किनबेच भएको छ ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

## अन्नपूर्ण क्षेत्रमा...........................

पर्यटकको सङ्ख्या त एकिन नै गर्न सकिदैन, सडक मार्ग भएर मुस्ताङ र मनाङ छिर्नेको सङ्ख्या उल्लेख्य रहेको हुन्छ", प्रमुख डा कडरियाले भन्नुभयो, "असोज-कात्तिक र चैत-वैशाख गरी दुई याममा पर्यटकको चाप बढी हुन्छ ।" सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ । तीन वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नैपर्ने दस गन्तव्य सूचीमा राखेको थियो। गत कात्तिकमा नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविर पुगेपछि यस क्षेत्रको महत्व थप चुलिएको थियो ।

त्यस बखत उहाँले हिमालमा सूर्योदयको किरण देखेर आफू छक्क परेको र नेपालको प्राकृतिक बनोट अद्भूत रहेको बताउनुभएको थियो । अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ । पर्यटक पथप्रदर्शक दिवस गुरुङले अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको बताउनुभयो ।

"कास्की, लमजुङ, मनाङ, स्यार्दीलगायत जनसकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिन्छ", उहाँले भन्नुभयो, "आकर्षक गन्तव्यस्थलहरू, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिर का लागि उत्कृष्ट छ ।"

## बाराको .........

बाउन्सर समेत राखेर राती राती तस्करी गराउदै आएको स्थानियहरु बताउछन् । यता आफनो मातहदमा रहेको कुनै पनि प्रहरी पोष्टलाई वा कुनै पनि प्रहरीले तस्कर संग नमिलेको तथा खुल्ला सिमान भएकै कारण दैनिक उपभोगका समान लुकाई छिपाइ नेपाल आउने गरेको बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपाने बताउ छन् ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश Shubham Sandesh
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# आम जनता पाट्टीले अर्ध सैनिक बल निर्माण गरी प्रशिक्षण गराउदै



*शुभम सन्देश,*
*रौतहट१ ७ पौष*

प्रभु साह नेतृत्वको आम जनता पार्टीद्वारा छुट्टै अर्ध सैनिक बल निर्माण गरेका छन् ।आम जनता पार्टीको स्थापना दिवसको अवसरमा पुस १४ गते देखि रौतहटको मौलापुर नगर पालिका स्थित पार्कमा आइटी आर्मीको राष्ट्रिय भेला एवं प्रशिक्षण कार्यक्रममा छुटै अर्ध सैनिक बल निर्माण गरेर प्रशिक्षण सुरु गरेका छन् ।पुस १४ गते देखि सुरु भएको सैनिक तालिम अहिले जारी रहेको छ ।

करिव साता व्यापी रुपमा चल्ने प्रशिक्षण कार्यक्रममा देभरीबाट युवाहरुलाई सहभागी गराइएका छन् ।मौलापुरमा भईरहेको उक्त तालिममा आईटी सम्वन्धी प्रशिक्षण देखी सैनिक अभ्यास समेत गराईएको छ ।"त्यस प्रशिक्षण बारे आईटी आर्मीको प्रदेश अध्यक्ष बालाशंकर कुशवाहाले अहिलेको सूचना प्रविधिको युगमा युवाहरुलाई आईटी सम्वन्धी तालिम अत्यावश्यक रहेको छ । आईटी बिना देशको विकास सम्भव छैन्। बैदेशिक रोजगारीमा भईरहेको ठगी कार्यलाई रोकन, भ्रष्टाचारीहरुलाई दण्डित गर्न तथा भगौडा दलालबाट देशलाई बचाउन आईटी सेना निर्माण गर्न अपरिहार्य रहेको हुदा आइटी सैनिक तयार गरेर तालिम सुरु गरिएको उनले भने। तालिम पछी आईटी आर्मीका युवाहरुले देशमा बढ्दो संकट रोकन सकारात्मक योगदान गर्नेछ ।"आम जनता पार्टीले अहिलेको व्यवस्था पूर्ण रुपमा असफल भईसकेको घोषणा गर्दै देशलाई संकटबाट जोगाउन तत्काल अन्तरिम सरकार गठनको माग गर्दै आएको छ। आजपाका अध्यक्ष प्रभु साहले तत्काल अन्तरिम सरकार गठनमा सुरक्षा निकायको भुमिका सहयोगी हुने बताए। यदि सुरक्षा अधिकारी हरु देशको संकटबारे चिन्तित भएन र पार्टीको लुटतन्त्रलाई चोखयाउन नै लागे भने अब आईटी आर्मीले नेपालको मुख्य सैनिक फोर्सको काम गर्ने बताए।

उनले भने 'ढिलो चाँडो नेपाली सेनाका जवानहरुले बुझ्नेछन र देश निकासको लागि आईटी आर्मी संग सहकार्य गर्ने बताए। यही तरिकाले अब देश अघि बढ्न सक्दैन, आईटी आर्मीले देशको निकासमा विशेष सहयोगी भुमिका खेल्ने स्पष्ट पारे। उनले अहिलेको संविधानले पनि देश र जनतालाई निकास नदिने ठोकुवा गरे।

# अन्नपूर्ण क्षेत्रमा इतिहासकै बढी पर्यटक भित्रिए

गण्डकी, १७ पुस :

पदयात्राका लागि विश्व प्रसिद्ध अन्नपूर्ण क्षेत्रमा सन् २०२३ मा एक लाख ९१ हजार पाँच सय ५८ विदेशी पर्यटक भित्रिएका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार उक्त सङ्ख्या हालसम्मकै बढी हो । त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए।

"अन्नपूर्ण क्षेत्रमा सन् २०२३ मा पर्यटक आगमनमा नयाँ रेकर्ड कायम भएको छ", अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले भन्नुभयो, "पछिल्लो समय दक्षिण एसियाली देशका पर्यटक बढेका छन्, अन्य देशका पर्यटक भने घटेको पाइएको छ।" सन् २०१९ मा दक्षिण एसियाली देशका जम्मा ५३ हजार सात सय १० पर्यटक अन्नपूर्ण पुगेकामा गत वर्ष ९७ हजार पाँच सय ५४ जना उक्त क्षेत्रको भ्रमण गरेका थिए। अन्य देशका पर्यटक भने पहिलेको तुलनामा घटेको 'एक्याप'को तथ्याङ्कमा उल्लेख छ। सन् २०१९ मा 'सार्क' क्षेत्रबाहेकका देशका एक लाख २७ हजार दुई सय ९० पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएकामा गत वर्ष जम्मा ९४ हजार चार जनाले सो क्षेत्र घुमेको आयोजना प्रमुख डा कडरियाले जानकारी दिनुभयो। उहाँका अनुसार सन् २०२३ मा एक सय ७३ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए।

जसमध्ये सबैभन्दा बढी भारतका ९६ हजार एक सय ८७ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन् । सो अवधिमा फ्रान्सका आठ हजार पाँच सय २६, जर्मनका सात हजार छ सय ४१, अमेरिकाका सात हजार दुई सय ४९, बेलायतका सात हजार एक सय ७४ र चीनका छ हजार तीन सय २३ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको तथ्याङ्क छ।

कोभिड-१९ महामारीका बेला पर्यटक आगमन ह्वात्तै घटेकामा महामारीको अन्त्यसँगै अन्नपूर्ण क्षेत्रको पर्यटनले पुनः पुरानैलय समातेको हो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। त्यसको अर्को वर्ष अर्थात् सन् २०२२ मा एक लाख २९ हजार सात सय ३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए।

आयोजना प्रमुख डा कडरियाले पुराना पदमार्ग विस्थापित हुँदै जाँदा पदयात्राका लागि आउने युरोप-अमेरिकाका पर्यटकको सङ्ख्या घटेको बताउनुभयो। "सडक मार्ग विस्तारले अन्नपूर्ण क्षेत्रमा पदमार्गको अस्तित्व सङ्कटमा परेको छ, जसले गर्दा पदयात्रामा आकर्षण घट्दै गएको पाइएको छ, विश्वका उत्कृष्ट १० गन्तव्यभित्र परिसकेको अन्नपूर्ण क्षेत्रको पहिचानलाई कायमै राख्न यस क्षेत्रका पदमार्गलाई जोगाउनु आवश्यक छ, पर्यटन सम्बद्ध सबैको यसतर्फ ध्यान जानु जरुरी छ।"

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । "आन्तरिक

**बाँकी तेस्रो पृष्ठमा........**

## खेल खबर

# यु-१९ विश्वकपमा नेपालको लक्ष्य सुपर ६

१७ पुस, काठमाडौं ।

नेपाली यू-१९ टिमले दक्षिण अफ्रिकामा हुने विश्वकपको तयारी पूरा गरेको छ। विश्वकप खेल्ने टिम सार्वजनिक त भएको छैन, तर बन्द प्रशिक्षणमा रहेका टोलीका सदस्यहरुले विश्वकपमा कम्तीमा सुपर ६ पुग्ने लक्ष्य सुनाएका छन् ।सन् २०१६ को विश्वकपमा नेपालले आयरल्यान्ड र न्युजिल्यान्डलाई समूह चरणमा पराजित गर्दै सुपर ८ मा स्थान बनाएको थियो । त्यसपछि पहिलो पटक विश्वकप खेल्न लागेको नेपालले सुपर ६ को लक्ष्य राखेको छ ।नेपाली टिम रहेको समूह डी मा पाकिस्तान, अफगानिस्तान र न्युजिल्यान्ड रहेका छन्।

नेपालले पहिलो खेल जनवरी २१ मा न्युजिल्यान्डसँग खेल्नेछ ।नेपालको यू-१९ टिमको कप्तान देव खनाल त्यहाँको कमजोरीमा हामीले काम गरेका छौं' उनले भने ।एसिया कपमा नेपालले खेलेको ३ खेलमा ओपनर ब्याटर अर्जुन कुमालको प्रदर्शन सन्तोषजनक नै थियो । उनी विश्वकपमा आफ्नो प्रदर्शन अझै सुधार्ने बताउँछन्। 'ठूलो टेष्ट नेसनसँग खेल्न र रन बनाउन चाहन्छु। विश्वकप छनोटदेखि मेरो प्रदर्शन राम्रो भइरहेको छ। विश्वकपमा पनि रन बनाउने सोचमा छु' उनले भने ।नेपालको लागि एसिया कप निकै ठूलो सिकाइ भएको प्रशिक्षक जगत टमटा बताउँछन् ।

'मैले त्यति धेरै स्वीङ र टर्न होला भन्ने सोचेको थिइन। यो हाम्रो लागि विश्वकपमा पनि निकै राम्रो सिकाइ भएको छ' उनले भने ।दक्षिण अफ्रिकामा पनि ग्रास विकेट हुने भएकाले एसिया कपको खेलले




आफूहरुको राम्रो नतिजा ल्याउने र खेल जित्ने नै रहेको बताउँछन् । त्यसमा सहमत प्रशिक्षक जगत टमटा भन्छन्, 'हाम्रो पहिलो लक्ष्य सुपर ६ हो त्यसपछि हामी सेमिफाइनलका लागि सोच्नेछौं ।'

**एसिया कप ठूलो सिक्ने अवसर**

नेपालले विश्वकपअघि मंसिरमा पाकिस्तान र श्रीलंकामा भएको यू-१९ एसिया कपमा भारत, पाकिस्तान र अफगानिस्तानसँग खेल्यो । तीनवटै खेल हारेर समूह चरणबाट बाहिरिएपनि विश्वकपका लागि राम्रो तयारी भएको कप्तान खनाल बताउँछन्।'एसिया कपमा हामीले सोचेको जस्तो खेल्न सकेका थिएनौं । हामी सबैकुरा सुधार्दै कसरी विश्वकपमा राम्रो रिजल्ट दिने भन्ने कोशिसमा हुनेछौं' उनले भने ।एसिया कपबाट फर्केपछि नेपाली टोलीले त्यहाँ गरेका कमजोरी सुधार्ने अभ्यास गरेको कप्तान देवले बताए। 'त्यहाँबाट आएर हामी त्यसैको मात्रै अभ्यास गरिरहेका छौं। बाउन्स विकेटको अभ्यास गरिरहेका छौं', उनले भने। सिनियर टिमबाट समेत खेलिसकेका यू-१९ टिमका सदस्य गुल्सन झा एसिया कपबाट विश्वकपको राम्रो तयारी भएको बताउँछन्। 'एसिया कपमा ब्याटिङमा राम्रो भएन। नेपाललाई विश्वकपको तयारी गर्न निकै मद्दत पुगेको प्रशिक्षक टमटाले बताए। यसअघि भारत, पाकिस्तान र अफगानिस्तानसँग खेलिसकेकाले विश्वकपमा न्युजिल्याण्ड र पाकिस्तानसँग खेल्न अप्ठेरो नहुने उनले बताए। 'टेष्ट राष्ट्रसँग कसरी खेल्ने भन्ने अनुभव भएको छ' प्रशिक्षक टमाटा भन्छन्, 'कन्डिसन फरक छ तर अनुभव एसिया कपबाट राम्रो बटुलेका छौं।'यसपटक दक्षिण अफ्रिकामा हुने खेल नेपालका लागि नयाँ हो। दक्षिण एसिया र एसियाली पिच भन्दा त्यहाँ फरक हुने प्रशिक्षक टमटा बताउँछन्। 'हाम्रो लागि त्यहाँ टर्निङ र ग्रास विकेट हुनेछ । जसका कारण अघिल्लो १० ओभर निकै चुनौतीपूर्ण हुनेछ', उनले भने ।विश्वकप अगाडि दक्षिण अफ्रिकामा नै नेपालले तयारी स्वरुप ४ वटा खेल खेल्नेछ। जसले विकेटको कन्डिसन र खेलाडीलाई दक्षिण अफ्रिकाको वातावरणमा घुलमिल हुन सहयोग गर्नेछ ।'एसिया कपबाट सिकिएको छ।

बाउन्स विकेट प्रत्येक बल हेरेर खेल्ने हो । विपक्षीको बलियो र कमजोर पक्ष थाहा छ। त्यही अनुसार योजना बनाएर खेल्ने छौं', उनले भने।

जाडोको समयमा चिसो बाट बचौ।
- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।
परवानीपुर गाउँपालिकाको
कार्यालय ,लिपनीमाल ,बारा